# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सूर्मा गाउँपालिका
## बझाङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सूर्मा गाउँपालिका

बझाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सूर्मा गाउँपालिका

बझाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ५१

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्षज्यू ,

सूर्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बझाङ ।

१. **कैफियत सहितको राय** - हामीले सूर्मा गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ७६ लाख ९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १० लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड ११ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४७ लाख ७ हजार र पेश्की बाँकी रु. ६ लाख ३४ हजार रहेको छ । यस गाउँपालिकाको गत वर्षसम्म रु. ५ करोड ९७ लाख ७२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ७३ लाख ८१ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने सूर्मा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

# सूर्मा गाउँपालिका

## बझाङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ३८ | ६६ | २७६०९ | ० | ० | ० | ३८ | ६६ | २७६०९ | १०८४ | १४७०७ | ११९८४ | ० | ० | २५८९१ | ६३४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | ५९७७२ | ० | ० | ० | ० | २७६०९ | ८७३८१ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ । यस सूर्मा गाउँपालिकामा ५ वडा, २८१ वर्ग किलोमिटर क्षेत्रफल, २७ सभा सदस्य तथा २०७८ को तथ्याङ्क अनुसार ११ हजार जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।५ देखि २०८०।६। ७सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधी-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय-व्ययतर्फ गरी जम्मा रु. ६२ करोड ३० लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २८८७९२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | ढीलो दाखिला राजस्वको जरिवाना | ४०८१७ |
| २ | गिरिस सिंहको कार्यक्रम पेश्की | १२८००० |
| ३ | देवचन्द्र बोहराको भ्रमण भत्ता बढी भुक्तानी | ४००० |
| ४ | प्रशिक्षण भत्ता बढी भुक्तानी | ११४७५ |
| ५ | विभिन्न कर्मचारीको भ्रमण भत्तामा स्थानीय भत्ता कट्टी | ५२५०० |
| ६ | दोहोरो भ्रमण खर्च बापत | ५२००० |
| जम्मा | | २८८७९२ |

## २ वित्तीय प्रतिवेदन

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३१,१४,५५,५७०.७५ | २६,५७,२९,५३०.३१ | | २६,५७,२९,५३०.३१ | २५,८२,१०,००१.४१ | | २५,८२,१०,००१.४१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३०,४६,९६,६९०.०० | २६,०९,९१,२५३.०६ | ०.०० | २६,०९,९१,२५३.०६ | २५,८०,९०,००१.४१ | ०.०० | २५,८०,९०,००१.४१ |
| ११०००० कर | ११ | ७,२०,२१,०००.०० | ६,१९,८१,५४८.१९ | ०.०० | ६,१९,८१,५४८.१९ | ५,१०,७०,३७६.९७ | ०.०० | ५,१०,७०,३७६.९७ |
| १३००० अनुदान | | २१,५४,१३,०००.०० | १९,८०,३८,३६०.०० | ०.०० | १९,८०,३८,३६०.०० | २०,६४,६१,१६८.४४ | ०.०० | २०,६४,६१,१६८.४४ |
| संघीय सरकार | १२ | २०,२४,३७,०००.०० | १८,६२,६५,२७४.०० | ०.०० | १८,६२,६५,२७४.०० | १८,७६,७६,७९७.४४ | ०.०० | १८,७६,७६,७९७.४४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश सरकार | १२ | १,२९,७६,०००.०० | १,१७,७३,०८६.०० | ०.०० | १,१७,७३,०८६.०० | १,८७,८४,३७१.०० | ०.०० | १,८७,८४,३७१.०० |
| १४००० अन्य राजस्व | | १५,००,०००.०० | ९,७१,३४४.८७ | ०.०० | ९,७१,३४४.८७ | ५,५८,४५६.०० | ०.०० | ५,५८,४५६.०० |
| ३२००० वित्तीय सम्पत्ति | | १,५७,६२,६९०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | ६७,५८,८८०.७५ | ४७,३८,२७७.२५ | | ४७,३८,२७७.२५ | १,२०,०००.०० | | १,२०,०००.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | ६७,५८,८८०.७५ | २७,२३,२३३.२५ | ०.०० | २७,२३,२३३.२५ | ०.०० | ०.०० | ०.०० |
| धरौटी | | ०.०० | २०,१५,०४४.०० | ०.०० | २०,१५,०४४.०० | १,२०,०००.०० | ०.०० | १,२०,०००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ३१,१४,५५,५७०.७५ | २६,७२,९७,४४९.८० | | २६,७२,९७,४४९.८० | २७,०२,११,३९९.१५ | | २७,०२,११,३९९.१५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३०,४६,९६,६९०.०० | २६,०६,२६,७५४.३० | | २६,०६,२६,७५४.३० | २६,१३,१८,७०२.१५ | | २६,१३,१८,७०२.१५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ९,१७,५२,०००.०० | ८,४२,२०,३१२.९० | ०.०० | ८,४२,२०,३१२.९० | ५,३४,८०,४७२.८० | ०.०० | ५,३४,८०,४७२.८० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,९४,५६,२८३.०० | ७,६४,६९,४३६.५० | ०.०० | ७,६४,६९,४३६.५० | ७,००,४९,२६९.३५ | ०.०० | ७,००,४९,२६९.३५ |
| २५००० सहायता (Subsidy) | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ८६,८५,०००.०० | ०.०० | ८६,८५,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | २४,९६,००0.०० | २४,५५,३८४.९० | ०.०० | २४,५५,३८४.९० | ४५,६०,०००.०० | ०.०० | ४५,६०,०००.०० |
| २८००० अन्य खर्च | १८ | ६२,०३,१९७.०० | ५९,३६,५७७.०० | ०.०० | ५९,३६,५७७.०० | ७३,८०,३२८.०० | ०.०० | ७३,८०,३२८.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १०,४७,८९,२१०.०० | ९,१५,४५,०४३.०० | ०.०० | ९,१५,४५,०४३.०० | ११,७१,६३,६३२.०० | ०.०० | ११,७१,६३,६३२.०० |
| घ. अन्य भूक्तानी | | ६७,५८,८८०.७५ | ६६,७०,६९५.५० | | ६६,७०,६९५.५० | २७,०२,११,३९९.१५ | | २७,०२,११,३९९.१५ |
| कोषहरु | | ६७,५८,८८०.७५ | ५३,६८,०४२.५० | ०.०० | ५३,६८,०४२.५० | ८०,६९,७७७.०० | ०.०० | ८०,६९,७७७.०० |
| धरौटी | | ०.०० | १६,४९,५८१.०० | ०.०० | १६,४९,५८१.०० | ८,२२,९२०.०० | ०.०० | ८,२२,९२०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम | | | (३,४६,९२८.००) | | (३,४६,९२८.००) | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१५,६७,९१९.४९) | | (१५,६७,९१९.४९) | (१,२०,०१,३९७.७४) | | (१,२०,०१,३९७.७४) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,१२,१८,८१८.५० | | २,१२,१८,८१८.५० | ३,३३,३९,३४६.३६ | | ३,३३,३९,३४६.३६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १,९६,५०,८९९.०१ | | १,९६,५०,८९९.०१ | २,१३,३७,९४८.६२ | | २,१३,३७,९४८.६२ |
| बैंक तथा नगद बाकी | २४ | | १,९३,०३,९७१.०१ | | १,९३,०३,९७१.०१ | २,००,०८,४१५.६२ | | २,००,०८,४१५.६२ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ सेवा प्रवाह

यस वर्ष पालिकाबाट प्रवाह भएको सेवाको विवरण देहायबमोजिम छ ।

| विवरण | सेवा प्राप्तिका लागि माग | सेवा संख्या |
|---|---|---|
| बराईसराई | ४ | ४ |
| जन्मदर्ता | २२५ | २२५ |
| मृत्युदर्ता | २८ | २८ |
| विवाहदर्ता | ३६ | ३६ |
| नागरिकता सिफारिस | ९५ | ९५ |
| नाताप्रमाणित | ३९ | ३९ |

४ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ६०८८४४६।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| सव इन्जिनियर | ४ | १८०५९६० |
| असिष्टेन्ट सव इन्जिनियर | १ | ४२७७२६ |
| अनमि | ३ | ८६४६३० |
| हे अ | १ | ३०५५०० |
| अहेव | ८ | २१३६४२० |
| ल्याव असिस्टेन्ट | २ | ५४८२१० |
| जम्मा | | ६०८८४४६ |

| | |
|---|---|
| अनियमित भएको | ६०,८८,४४६ |

५ **विविध तथा सभा संञ्चालन खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रु. १९५६७८७ र सो बाहेक पालिकाको सभा संञ्चालनका लागि रु. ४३८५६५ समेत कुल रु. २३९५३५२ खर्च गरेको छ । उक्त खर्च पालिकाको आन्तरिक आय रु. ९७१३४५ को २४६.६० प्रतिशत हुन आउछ ।आन्तरिक आयको अनुपातमा खर्च मितव्ययी हुनु पर्दछ ।

६ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५०(३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की बाहेक चालु आर्थिक वर्षको अन्तसम्ममा फछ्र्यौट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने व्यवस्था छ ।पालिकाले २०८०।१।१२ मा दुईकुलमा गजौन कालथुम साइपाल सडक निर्माण उपभोक्ता समितिलाई दिएको ६३३६०० पेश्की वर्षान्त सम्म पनि फछ्र्यौट नगरेको पाइयो । उक्त पेश्की फछ्र्यौट गर्नुपर्ने रु

| | |
|---|---|
| पेश्की | ६,३३,६०० |

७ **प्रदेश समपुरक अनुदान** - पालिकाले समपुरक योजना कार्यान्वयन गर्दा अनुदान सम्बन्धि कार्यविधि बमोजिमको पालिकाले व्यहोर्नुपर्ने योगदान खर्च गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष प्रदेश समपुरक अनुदानबाट संचालन हुने सैनगाउँ जलजला

सडक निर्माण योजना कार्यान्वयन गर्दा जम्मा रु २०६८४८२ खर्च गरेकोमा प्रदेश अनुदानबाट १२५४८४१ र गाउँपालिकाबाट ८१३६४१ खर्च गरेको पाइयो । गाउँपालिकाबाट व्यहोर्नुपर्ने रकम कुल खर्च रकमको ५० प्रतिशतले हुने १०३४२४१ रहेकोमा ८१३६४१ मात्र व्यहोरी रु २२०६०० घटि व्यहोरेको पाइयो । गाउँपालिकाले घटि खर्च व्यहोरेको रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२०,६०० |

८ **संघीय समपुरक अनुदान** - पालिकाले समपुरक योजना कार्यान्वयन गर्दा अनुदान सम्बन्धि कार्यविधि बमोजिमको पालिकाले व्यहोर्नुपर्ने योगदान खर्च गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष संघीय समपुरक अनुदानबाट संचालन हुने सूर्मा पदमार्ग योजना कार्यान्वयन गर्दा जम्मा रु ७१३८८८५ खर्च गरेकोमा संघीय अनुदानबाट ४७३८८८५ र गाउँपालिकाबाट २४००००० खर्च गरेको पाइयो । गाउँपालिकाबाट व्यहोर्नुपर्ने रकम कुल खर्च रकमको ५० प्रतिशतले हुने ३५६९४४२ रहेकोमा २४००००० मात्र व्यहोरी रु ११६९४४२ घटि व्यहोरेको पाइयो । गाउँपालिकाले घटि खर्च व्यहोरेको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,६९,४४२ |

९ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सरकारको खर्चनभएको २४०३००७।३० अनुदान रकम फिर्ता गरेको पाइयन। खर्च नभएको अनुदान रकम फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,०३,००७ |

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२८३१२०० | १८३०९३०६ | ७.०३ |
| २ | पूर्वाधार विकास | ८५२५०८०० | ७२८१४९५० | २७.९४ |
| ३ | सामाजिक विकास | १०३५७६७९० | ९८१६५३३५ | ३७.६७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १८७७११९७ | १५०२४२३६ | ५.७६ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ७४२६६७०३ | ५६३१२९२७ | २१.६१ |
| **जम्मा** | | ३०४६९६६९० | २६०६२६७५४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३७.६७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ५.७६ प्रतिशत रहेको छ ।

११ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ९७१३४५ राजस्व बाँडफाँड र अनुदानबाट रु २६००१९९०९ समेत रु २६०९९१२५४ आम्दानी भएकोमा चालु तर्फ रु १६९०८१७११ र पूँजिगत तर्फ रु ९१५४५०४३ समेत रु २६०६२६७५४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ४७५४००० खर्च भएको छ जुन आन्तरिक आयको ४८९.४२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.८७ प्रतिशत चालु र ३५.१३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | ९१५४५०४३ | २४०४६२२ | १११५८०६८ | ३११५४३२२ | ४६८२८०३१ | २१५७१५९३ |
| प्रतिशत | १०० | २.६३ | १२.१९ | ३४.०३ | ५१.१५ | २३.५६ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक ९१५४५०४३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा २४०४६२२ (२.६३प्रतिशत), दोस्रो त्रैमासिकमा १११५८०६८ (१२.१९ प्रतिशत), तेस्रो त्रैमासिकमा ३११५४३२२ (३४.०३ प्रतिशत) र चौथो त्रैमासिकमा ४६८२८०३१ ( ५१.१५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र २१५७१५९३ हजार (२३.५६प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. २७ करोड ७४

लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२५ मा पारित भएको छ । यसैगरी गाउँपालिकाका अध्यक्षले मिति २०७९।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

१४ **बजेट अवण्डा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. १३२०२१९ अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रु. १३२०२१९ खर्च गरेको छ। बजेट अबण्डामा राखी हिउदे गाउँसभाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | पशु विकास कार्यक्रम | ५००००० |
| २ | वृहत कृषि कार्यक्रम तथा अनुदान | ८२०२१९ |
| | जम्मा | १३२०२१९ |

१५ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडाको लागि वडागत र पालिकास्तरका कुल ११६ योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाखसम्म | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६२ | ८ | २२ | ३२ |
| २ | वडास्तरीय | ५४ | ० | ८ | ४६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

१६.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३३५५८००२ र गरिव संग वशेश्वर कार्यक्रमको ४६३००० समेत गरी रु ३४०२१००२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१६.२ **फरक हिसाब** — यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ७५४४४०।८० , यस वर्षको प्राप्ति रु. ४४४६८७०१।१९ ,यस वर्षको भुक्तानी रु ४५५७००६९।९९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २१२१८८१८।५० | २६५७२९५३०।३१ | २६७२९७४४९।८० | १९३०३९७११।०१ |
| एकीकृत आर्थिक विवरणअनुसार | २१९७३२५९।३० | ३१०१९८२३१।५० | ३१२८६७५१९।७९ | १९३०३९७११।०१ |
| फरक | ७५४४४०।८० | ४४४६८७०१।१९ | ४५५७००६९।९९ | ० |

१६.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. २२१७९८२१ मौज्दात रहेकोमा यो वर्ष रु. २१२१८८१८।५० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ९६१००२।५० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६१,००३ |

१६.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त श्रावण ९ गते पुँजिगत खर्च खाताबाट ३८१८९२९, चालुखर्च खाताबाट ६७३३३७८।३९ संचित कोषमा ट्रान्सफर गरेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

१६.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १६१२७१८८.७६ | ५५७४८८१.३७ | १०५५२३०७.३९ |
| चालु खर्च खाता | ० | ६७४६८२५.३९ | ६७४६८२५.३९ |
| पुँजीगत खर्च खाता | ० | ३८१८९२९ | ३८१८९२९ |
| विविध खर्च खाता | २९९६०५ | ५३३२४० | २३३६३५ |
| विपद व्यवस्थापन खाता | १०९१२३३.२५ | १०९१२३३.२५ | ० |
| धरौटी | १७८५९४४ | १७८५९४४ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | २६१२५.१० | २६१२५.१० |
| जम्मा | | | २१३७७८२१.८८ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

१७ **कानून र संचालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ नियमावली, ११ कार्यविधि लगायत १३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले १३ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१८ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका थप व्यहोरा देहायअनुसार छन ।

१८.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आ.व. ०७३/७४ पछिको वेरुजुको लगत राखि अद्यावधिक गरेको पाइएन ।

१८.२ सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।
सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।

१८.३ म. ले. प. फाराम ९०५ बमोजिमको सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गरी राखेको पाइएन

१८.४ मलेप फाराम ९०७ र ९०८ बमोजिम भ्रमण भ्रमण अभिलेख खाता राख्ने गरेको पाइएन
म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश गरेको पाइएन

१८.५
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालेआफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको देखिएन
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन
- कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन
- भ्रमण विल स्वीकृति नभई भ्रमण खर्च भुक्तानी गर्ने गरेको पाइयो
- खर्च भुक्तानी दिँदा सम्बन्धितको खातामा भुक्तानी नगरी कर्मचारी तथा जनप्रतिनिधिको नाममा सोधभर्ना भुक्तानी गर्ने गरेको पाइयो ।

---

१९ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको । यो वर्ष २ विवाद दर्ता भएकोमा २ फस्यौंट भई फछ्यौंट हुन बाँकी रहेको पाइयन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

---

२० **बढी भुक्तानी** - १६७।२०७९।१२।५ कृषि तथा पशुपक्षी डायरी २०७७ को वुंदा नम्वर १४.२ अनुसार फलफुल विरुवाहरुको मिती २०७६।६।६ वाट लागुहुने गरी फलफुलहरुको सरकारी मुल्य सूचि तोकेको छ।पालिकाले निम्नानुसारको कान्तीपुर नर्सरी एण्ड कृषि विकास फार्म कैलाली वाट विभिन्न विरुवाहरु खरिद गरी भुक्तानी गरेकोमा वढी दरको दररेट वाट खरिद गरेको देखिएकोले उक्त वढी रकम दाखिला गर्नुपर्ने देखिएको रु ३६९६५०

| विरुवाको नाम | सरकारी दर | नर्सरी दर | फरक | परीमाण | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| कलमी दांते ओखर | १०० | ५०० | ४०० | ३५० | १४०००० |
| च्यान्दलर ओखर | १०० | ५५० | ४५० | १६५ | ७४२५० |
| गालु फुजी स्याउ | ३५ | १००० | ९६५ | १२० | ११५८०० |
| किवी कलमी | १०० | १४० | ४० | ४०० | १६००० |
| आली पोखर | ३० | ६० | ३० | ४०० | १२००० |

| | | | | | |
|---|---|---|---|---|---|
| आरु | ५० | ६० | १० | ४५० | ४५०० |
| खुर्पानी | ५० | ६० | १० | ३९५ | ३९५० |
| नास्पाती कलमी | ७० | ७५ | ५ | २३० | ११५० |
| हलुवावेद कलमी | ६० | ८० | २० | १०० | २००० |
| | | | | जम्मा | ३६९६५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६९,६५० |

२१ **लागत सहभागिता** - १४५।२०७९।११।१९ लागत सहभागितामा आधारित कृषिकार्यक्रम अन्तरगत पालिकाले विभिन्न कृषक हरुलाइ प्लाष्टिक टनेल उपलव्ध गराएकोमा निम्न व्यहोरा देखिएका छन। पालिकाको मिती २०७४।९।१६गतेको निर्णय नम्वर ९ अनुसार कृषकहरुका लागी गाउंपालिकावाट संचालनहुने कृषि कार्यक्रममा ७५ प्रतिशत अनुदान दिने र कृषकलाइ २५ प्रतिशत लगानी गर्न निर्णय भएकोमा पालिकावाट प्लाष्टिक टनेल तथा विभिन्न तरकारीका विउहरु खरिद गर्न अनुदान उपलव्ध गराएकोमा विल अनुसार रु ६६०००० को ७५ प्रतिशतले हुने रु ४९५०००।मात्र अनुदान उपलव्ध गराउनु पर्नेमा रु ५३५००० अनुदान उपलव्ध गराएकोले पालिकालाइ ४०००० थप व्ययभार पारेको देखिएको रु.

टनेल वितरण गर्दा वढीमा ५ वटा सम्म एकै किसानलाइ र कममा १ वटाका दरले उपलव्ध गराएकोमा आवश्यकताको पहिचान नगरीकन वितरण गरेको देखियो।

- प्लाष्टिक टनेल तथा तरकारीका विउहरु वितरण गरिंदा कृषकहरुको जग्गाको क्षेत्र लगाउन सक्ने क्षमताको विचार नै नगरी अनुदान उपलव्ध गराएकोले सहि कृषकको छनौट नगरी अनुदान उपलव्ध गराएकोले अनुदान रकमको सही उपयोग भएको छ भन्ने अवस्था रहेन।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००० |

२२ **ढुवानी खर्च** - ६१।२०७९।८।२९ वृहद कृषि कार्यक्रम अनुदान अन्तरगत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना इकाइ अन्तरगत ८०० क्विन्टल आलुसंकलन गरी कृषकहरुको आलुसंकलन गरी सो आलु उत्पादन स्थल देखि चैनपुर सम्मको ढुवानी भाडा वापत रु ५२७०००।अनुदान खर्च उपलव्ध गराएकोमा ढुवानी भाडाको जिल्लादररेट अनुसार दर निर्धारण गरी सोही अनुरुप ढुवानी भाडा भुक्तानी गर्नुपर्नेमा विभिन्न पटक पटक सम्झौता गरी ढुवानी भाडा खर्च लेखेको छ।यस्तो खर्च व्यवस्थित गरिनुपर्दछ ।

## २३ आन्तरिक लेखापरीक्षणबाट औल्याइएको व्यहोरा

२३.१ १०६।२०७९।१२।१४ अपाङ्ग सुरक्षा सञ्जालको कार्यालय व्यवस्यापनः यस कार्यालय ले कर्यालय व्यवस्थापन को लागि विभिन्न पान बिलहरुबाट टुक्रे खरिद गरि रु २०३३४०। भुक्तानि लिएको र विभिन्न टुक्रे विलको अग्रिम आय कर बाहेकको VAT १५ प्रतिशत रकम रु २६४३५ रकम सम्बन्धित बाट असुल गरि दाखिला गर्नु पर्ने रु

| | असुल गर्नुपर्ने | २६,४३५ |
|---|---|---|

२३.२ १९३।२०८०।३।२३ सिद्दार्थ खेलकुद विकास उपभोक्ता समितिः यस उपभोक्ता विकास समिति ले त्रिपुरा सुन्दरी कन्ट्रक्सन प्रा लि विल न ७ बाट स्काइभेटर मेसिन प्रयोग गरि तेल बाहेक प्रति घण्टा रु ३०००। का दरले ३७ घण्टाको रु १११०००। रकम भुक्तानी भएको पाइयो । तेल खर्च ४५५ लिटर डिजेल खर्च भएको छ । जिल्ला दर रेट स्काभेटर को नन बकेटको तेल बाहेक प्रति घण्टा रु १८००। रहेको हुदा जिल्ला दर रेट भन्दा बढी भुक्तानी रकम रु ४४४००। सम्बन्धित बाट असुल गरि दाखिला हुनुपर्ने ।

| | असुल गर्नुपर्ने | ४४,४०० |
|---|---|---|

२३.३ २०१।२०८०।३।२४ जेउडेगाड लघु जलविद्धुत आयोजना यस आयोजनाले विभिन्न विद्धुतिय सामाग्रि खरिद बाफत रु ३७८२५९। रकम भुक्तानी लिएको पाइयो ।

लागत अनुमानमा रु १००००। को तार तान्ने काम रहेको तर लागत अनुमान अनुसारको कार्य गरेको पाइएन । पालिकाको अनुगमन समितिले अनुगमन गरेको रिपोर्ट नरहेको । खरिद गरिएका सामाग्रि फिल्डमा कार्य सम्पन्न भएको वा नभएको बारे प्राविधिकको मुल्याङ्कन सहितको प्रतिवेदन नरहेको । प्राविधिक मुल्याङ्कन सहितको प्रतिवेदन पेश गर्नु पर्ने अन्यथा असुल हुनुपर्ने रु

| | प्रमाण पेश नगरेको | ३,७८,२५९ |
|---|---|---|

२३.४ १३१।२०८०।१।२५ दौलिचौर मा वि घेरवार निर्माण शिर्षकबाट विध्यालयले विनियोजित योजनाको शिर्षक बाहिर रहेर तपशिलका सामाग्रि खरिद गरेको पाइयो । तपशिलः सोफासेट रु ३५३९८। रिभल्विङ चियर रु २१२३८। र यति कार्पेट रु १०६१९। गरि भ्याट सहित रु ७५९९९। योजनाको शिर्षक भन्दा बाहिर रहेर खर्च गर्न नमिल्ने हुदा सो कार्य नियम सम्वत नदेखिएको रु

| | अनियमित भएको | ७५,९९९ |
|---|---|---|

२३.५ १४१।२०८०।३।३ स्वास्थ्य कर्मिहरुलाइ EMIS सम्बन्धि तालिममा र पोषण समिक्षा तथा योजना तर्जुमा कार्यक्रम मा तपशिलका प्रशिक्षकहरुले एकै मितिमा दोहोरो भत्ता लिएङ्को पाइयो । उक्त दोहोरो भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| नाम | प्रशिक्षक भत्ता रु | दै भ्र भ रु | दोहरो मिति | असुल |
|---|---|---|---|---|
| अम्मर सुनुवार | ५६००। | २६००। | २०८०।३महिना २ र ३ गते | ५६००। |
| पदम राज भट्ट | ३४००। | ५८२०। | २०७९।९।५ | ३४००। |
| जम्मा | | | | ९००० |

| | असुल गर्नुपर्ने | ९,००० |
|---|---|---|

२३.६ १६३।२०८०।३।१८ गाउँपालिका कृषि अधिकृत सत्यराज उपाध्याय ले किसान सुचिकरण कार्यक्रम बाफत रु ६००५०। रकम भुक्तानी लिएको र किसान सुचिकरणको काम सम्पन्न भएङ्को पाइन । किसान सुचिकरणको काम सम्पन्न गरेको प्रमाण सहितको प्रतिवेदन पेस हुनु पर्दछ। यस कार्यक्रमको लागि व्यानर लगायत अन्य यस कार्यक्रम संग असम्बन्धित विल भर्पाइ पेश गरि रु ७१५०। भुक्तानी लिएको पाइयो । सो रकम असुल हुनु पर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ७,१५० |

२३.७ १४०।२०८०।३।११ शिक्षा अधिकृत कबिन्द्र बहादुर बोहराले EMIS सम्बन्धि तालिममा प्रशिक्षक देवेन्द्र बहादुर बोहरा प्रा स ले प्रति सेसन रु २५००। का दरले ४ वटा सेसन को रु १००००। भुक्तानी लिएको पाइयो । कार्यक्रम संचालन निर्देशिका अनुसार प्रति सेसन रु १४००। रहेको हुदा दर रेट भन्दा बाहिर रहि भुक्तानी भएको रकम रु ६३७५। रकम सम्बन्धित बाट असुल हुनु पर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ६,३७५ |

२३.८ १७४।२०८०।३।२० अस्पतालमा कार्यरत कर्मचारि हरुको तलब महङ्गि भत्ता स्थानिय भत्ता पोसाक लगायत प्रशासनिक खर्च शिर्षक बाट गाउँपालिका स्वास्थ्य संयोजक शिवराज बोहराले पुर्ण खोप सुनिश्चतता तथा दिगोपना कार्यक्रम संचालनको लागि रु ८७१९१। रकम खर्च भएको देखिन्छ । यसरि शिर्षक भन्दा बाहिर खर्च गर्नु नियम सम्वत नदेखिएको रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ८७,१९१ |

## २४ आन्तरिक लेखापरीक्षणबाट औल्याइएको व्यहोरा

२४.१ ५२।२०८०।३।२४ सूर्मा गाउँपालिका वडा न ४ र ५ मा रहेको खोचा झेलुङ्गे पुल निर्माण उसको पेश्की फर्छ्यौट रु १५००००। यस संग सम्बन्धित कुनै पनि विल भरपाइ नरहेको । यस सग सम्बन्धित सम्पुर्ण कागजात पेश गर्नु पर्ने अन्यथा असुल हुनुपर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १,५०,००० |

२४.२ ३५।२०८०।३।२० कृष्ण प्रा वि काटै सूर्मा गा पा ३ राष्ट्रपति शैक्षिक सुधार योजना अन्तर्गत ४ कोठे भवन निर्माण उपभोक्ता समिति ले विभिन्न हार्डवयरका सामाग्रि प्यान विल प्रयोग गरि रु ३७२५५। भ्याट छल्ने गरि खरिद गरेको पाइयो । खरिद सामाग्रि को १५ प्रतिशत अग्रिम आयकर बाहेक भ्याट रकम रु ५३३० रकम सम्बन्धित बाट असुल गरि दाखिला गर्नु पर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ५,३३० |

२४.३ २६।२०७९।८।२३ स्वास्थ्य संयोजक शिवराज बोहराले पालिका स्तरीय पोषण योजना र खाद्य सुरक्षा निर्देशक समितिको बैठकमा रु ४९४००। बैठक भत्ता रकम भुक्तानी लिएको र सो रकम को १५ प्रतिशत पारिश्रमिक कर

रु ७४१०। काट्नु पर्नेमा रु २८३५ मात्र काटेकाले बाकी कर रु ४५७५। रकम सम्बन्धित बाट असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५७५ |

## २५ आन्तरिक लेखापरीक्षणबाट औल्याइएको व्यहोरा

२५.१ ३६।२०७९।७।६ सूर्मा देवि मन्दिर व्यवस्थापन समितिले अमिसा इलोक्ट्रोनि एण्ड सप्लायर्स को पान विल न ३६ बाट रु ४६६९०। र विल न ३७ बाट रु २८८५०। को इलेक्ट्रोनिक सामाग्रि खरिद भएको पाइयो । यसरि पान विल बाट ठुलो परिमाणमा खरिद गर्नु नियम सम्वत देखिएन । भ्याट छल्ने उदेश्यले खरिद गरेको हुदा सो रकम को १५ प्रतिशत भ्याट रकम रु ११३३१। रकम सम्वन्धित बाट असुल गरि दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,३३१ |

२५.२ १८३।२०८०।३।२१ स्यनिटरि प्याड खरिदमा शिक्षा शाखा प्रमुख श्री कविन्द्र बहादुर बोहरा र खा पा स टे श्री गणेश राज उपाध्यायले क्रमश मिति २०८०।२।१८ देखि मिति २०८०।२।२४ गते सम्म भ्रमण आदेश स्विकृत गराइ धनगढी गएङ्को भनि गणेश राज उपाध्यले रु ९३६०। र कविन्द्र बोहरा ले रु ११९४०। रकम भुक्तानी लिएको पाइयो । सेनेटरि प्याड खरिद गर्न दुइ नै जना आवश्यक नभएको हुदा यस कार्यक्रम संग असम्बन्धित कर्मचारि गाउपलिका खा प स टे श्री गणेश राज उपाध्याय को दै भ्र भ रकम असुल गरि दाखिला हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,३६० |

२५.३ ९६।२०७९।९।२० साइन स्टार युवा क्लबलाइ खेलकुद सामाग्रि खरिद बाफत रु १०००००। रकम बजेट विनियोजन गरेको र क्लबले सामाग्रि खरिद भनि ३५ जनाको डोर हाजिरि बापत रु २९७५०। रकम र भुक्तानी लिएको पाइयो । सामाग्रि खरिद को डोर हाजिरि बाफत खर्च लिन नमिल्ने हुदा सो रकम सम्बन्धित बाट असुल हुनु पर्ने । बाकी रु ७०२५०। रकम को सामाग्रि खरिद गरेको तर खरिद सामाग्रि कुनै पनि दाखिला गरि कार्यालयमा आम्दानि जनाएको पाइएन । तसर्थ दाखिला गरि आम्दानि जनाउनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

२५.४ १४८।२०७९।११।२३ सूर्मा गाउँपालिकाले कलश क्रियशन प्रा लि लाई भिडियो डकुमेन्ट्रि बाफत रु ७६८४००। रकम भुक्तानी दिएको पाइयो । कोटेशन विना प्रतिस्पर्दा रहित तवरले भुक्तानी दिन नमिल्ने हुदा सो कार्य नियम सम्वत देखिएन । गाउँपालिका संग सम्झौता नरहेको । तयार गरेको गरेको डकुमेन्ट्रि बारेमा बुझ्दा गाउँपालिकामा पेनड्राइभ बाट ल्यापटपमा भिडियोहरु राखि दिएङ्को र यस सम्बन्धमा अन्य कुनै डकुमेन्ट्रि नरहेको हुदा विस्तृत कार्य विवरण खुल्ने गरि डकुमेन्ट्रि पेश गर्नु पर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ७,६८,४०० |

२५.५ १२०।२०७९।१०।१९ सूर्मा गाउँपालिका भरि ५ वटै वडामा राष्ट्रिय परिचयपत्र अभियान संचालन यस अभियानमा प्राय सबै वडामा अस्वभाविक रुपमा खर्च भएको पाइएको छ खर्च गर्दा मितव्ययि तवरले खर्च गर्नु पर्ने देखिन्छ। कुन वडामा कति दिन अभियान संचालन भएको हो एकिन हुन सकिएन । वडामा हाते भर्पाइका आधारमा तपशिलको होटेल पसल बाट ठुलो रकम एकमुष्ट रकम बुझएको पाइयो । सो रकमको १५ प्रतिशत भ्याट रकम सम्बन्धित बाट असुल हुनु पर्ने रु

| नाम थर | वडा न | होटेल/पसल | भर्पाइको रकम | असुल |
|---|---|---|---|---|
| विरबल बहादुर बोहरा | ३ | बोहरा चिया नास्ता पसल | ५११०० | ७६३५ |
| छत्र प्रसाद कोइराला | २ | बोहरा चिया नास्ता पसल | ५२१६० | ७८२४ |
| गणेश राज उपाध्याय | ५ | बोहरा चिया नास्ता पसल | ४२६०० | ६३९० |
| दान ब जेठारा | ४ | सुय चन्द्र होटेल एण्ड लज | ५०१३० | ७५२० |
| उमेश बहादुर बोहरा | १ | कविर नास्ता पसल | २३६०० | ३५४० |
| | जम्मा | | २१९५९० | ३२९०९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,९०९ |

२५.६ २२३।२०८०।१।२७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा पुष्टयाई सहित लेखा राखुपर्ने व्यवस्था छ । वडा न ५ सब इन्जिनीयर शितल पुजारा ले ल्यावटप मर्मत बाफत रु १५०००। भुक्तानी विल को सक्कल प्रति संलग्न रहेको पाइएन । सक्कल विल पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००० |

२५.७ २४३।२०७९।२।१९ सूर्मा गाउँपालिका वडा न ४ वडा सचिव दान बहादुर तिज बिशेष कार्यक्रममा रु १०००००।भुक्तानीः एउटै कार्यक्रममा प्रति व्यानर रु १२००। का दरले ५ वटा व्यानर खरिद गरेको पाइयो । ५ वटा व्यानर आवश्यक नभएको हुदा ४ वटा व्यानरको मुल्य रु ४८००। असुल गरि दाखिला हुनु पर्ने । टेन्ट भाडामा लिएको भनि रु १२०००। भुक्तानी तर टेन्ट सहित र व्यानर सहित को कुनै पनि फोटा हरु नरहेको ले कार्यक्रम भएको नै हो भनि विस्वस्त हुन नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

## २६ आन्तरिक लेखापरीक्षणबाट औल्याइएको व्यहोरा

२६.१ ३७३।२०८०।३।२४ वडा न १ र २ मा विजुलिका पोल ढुवानी बाफत वडा न १ का श्री भुपेन्द्र बोहरा लाइ रु ६००००। भुक्तानी तर विजुलिका पोल खरिद गरेको विल नरहेको ले सो सम्बन्धमा एकिन हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | ६०,००० |
|---|---|

२६.२ ११।२०८०।३।१४ स्वास्थ्य कर्मिहरुलाई DHIS2 तलिममा सहजिकरण गरे बाफत तपशिलका कर्मचारि ले एकै मितिमा दोहरो भत्ता बुझिलिएकाले सो रकम मध्ये एउटा असुल हुनु पर्ने रु

| नाम थर | पद | कार्यालय | दोहरो परेको भत्ता र मिति | असुल रकम |
|---|---|---|---|---|
| कटक सार्कि | प्रशिक्षक | स्वास्थ्य कार्यालय बझाङ | प्रशिक्षक भत्ता रु ७१४०।मिति २०८०।२।२८ देखि २०८०।२।३० र दै भ्र भ रु ९२४०। मिति २०८०।२।२७ देखि २०८०।३।२ | ९२४०। |

| असुल गर्नुपर्ने | ९,२४० |
|---|---|

२७ **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नै कार्यालयमा रहेको वा जुनसुकै तरिकाले हस्ताणतरण भई आएको जिन्सी मालसामानको विवरण र मुल्य खुलाई जिन्सी खातामा सात दिनभित्र अभिलेख राखी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट देहायबमोजिम जिन्सी सामग्री रु ६९२३७९।०० मा देहायबमोजिमका कार्यालयहरुलाई खरिद भएकोमा उक्त कार्यालयको जिन्सी खातामा अभिलेख चढाएको प्रतिवेदन पेश गरेको पाइएन । जिन्सी दाखिला प्रतिवेदन पेश हुनुपर्ने रु

| गो भौ र मिति | खरिदको विवरण | भुक्तानीरकम |
|---|---|---|
| ३५।०७९।९।२० | भुमिदेवप्राविमा १८ जोर बेन्च निर्माण | ९४७१९ |
| १३१।०८०।१।२५ | दौलिचौरमावि सोफासेट कुर्सी कार्पेट खरिद | ७०००० |
| १३४।०८०।१।२६ | विष्णुदेवप्रावि १९ जोर बेन्च | १४३६६१ |
| १७०।०८०।३।१९ | ईश्वर आवि५५ जोर बेन्च | ३८३९९९ |
| | **जम्मा** | ६९२३७९ |

| प्रमाण पेश नगरेको | ६,९२,३७९ |
|---|---|

२८ **गतवर्षको भुक्तानी** - २७।२०७९।६।३० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी गत आर्थिकवर्षको सामाजिक

सुरक्षा भत्ता वापतको रकम रु २०४५४८ वित्तिय समानिकरण वाट खर्च लेखेको देखिएकोले उक्त खर्च रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,०४,५४८ |

२९ **कानूनी सल्लाहकार -** सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर कार्यालयले कानूनी सल्लाहकार लक्ष्मण वहादुर वोहरालाई नियुक्त गरी कुल रु. ३००००० भुक्तानी भएको छ ।कानून बमोजिम राख्न नमिल्ने कर्मचारी राखी खर्च लेखेको नियसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

३० **अनुत्पादक खर्च -** स्थानीय सरकार संचालन ऐन २०७४ ले संस्था, समुह, जात्रा यात्रा विरामी संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था रहेको देखिदैन । नमुना परीक्षण गर्दा गाउँपालिकाले यस वर्ष देहायअनुसारका उत्सवमा रु ३५०००० खर्च गरेको पाइयो । यस प्रकारको अनुत्पादक खर्च नियन्त्रण गर्नेतर्फ ध्यानाकर्षण हुनुपर्दछ ।

| भौन।मिती | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ३६।२०७९।७।६ | सूर्मादिवी मेलाव्यवस्थापन | १००००० |
| १५।२०७९।६।१३ | सूर्मा समाज सुधार युथ क्लव | २५०००० |

३१ **प्रस्तावना र लागत अनुमान वेगर अनुदान-** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१० )अनुसार कुनै रकमको रकमकमकोरकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले देहायअनुसार प्रस्तावना र लागत अनुमान वेगर खेलकुद प्रतियोगित वापत उध्योग वाणिज्य संघ लाइ अनुदान दिएको पाइयो । प्रस्तावना तथा लागत अनुमान वेगर अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| भौन।मिती | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ८८।२०७९।९।७ | भलिवल खेलकुद प्रतियोगिता | २१५५६५ |
| ११२।२०७९।९।२९ | भलिवल खेलकुद प्रतियोगिता | ४९८६८० |
| १४७।२०७९।११।२१ | भलिवल खेलकुद प्रतियोगिता | ८३१५० |
| | जम्मा | ७९७३९५ |

| | |
|---|---|
| अनियमित भएको | ७,९७,३९५ |

३२ **बैठक भत्ता** - परीक्षा संचालन कार्यालयले विनियोजन भएको बजेटबाट खर्च लेख्ता मितव्ययी तवरले भएको बास्तविक कामको प्रमाणको आधारमा खर्च लेख्नुपर्दछ । गाउँपालिकाले कृषि स्नातक प्राविधिक पदको लिखित परीक्षामा लिखित तथा अन्तरवार्ता समितीको मुल्याङ्कन कार्यमा दिनको ६ पटकसम्म बैठक बसेको माइन्युटका आधारमा देहाय अनुसार बैठक भत्ता खर्च लेखेको पाइयो । यसरी परीक्षा संचालनको बैठक भत्ता भुक्तानी गर्दा पालिकाको कार्यविधि नभएकोमा लोकसेवा आयोगको कार्यविधिलाई आधार मानी भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाले कार्यविधिको पालना नगरी एकै दिनमा ६ पटक सम्म बैठक भत्ता वितरण गरेको अनियमित देखिएको रु

| भौन।मिती | वैठक भत्ता रकम |
|---|---|
| ९।२०७९।६।११ | ५५५०० |
| ७६।२०७९।८।२१ | ६७५०० |

| | |
|---|---|
| अनियमित भएको | १,२३,००० |

३३ **केवाईसि अपडेट** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा नं २४ अनुसार बैकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा सुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरेपश्चात खाता सक्रिय हुने उल्लेख छ । बैकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराएतापनि के कति लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय भय र के कति निस्क्रिय अवस्थामा छन सो को विवरण उपलब्ध गराएको देखिएन जसबाट खर्च रकम सबै लाभग्राहीले बुझे नबुझेकोमा एकिन हुन सकिदैन अत बैकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अद्यावधिक गर्नुपर्दछ ।

३४ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले कुमारी बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकम ३३५५८००२ मध्ये ३३३८६७४३ वितरण गरी बाँकी रहेको १७१२५९ सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको पाइयो । लेखापरीक्षणमा डमि र पार्किङ्ग एकाउन्टको विवरण तथा रिभर्स फिडको विद्युतीय कपी र लगत कट्टाको विवरण पेश भएन । कार्यालयले लगत कट्टा एकिन गरी बैकमा वितरण गर्न बाँकी रहेको रकम एकिन गरी फिर्ता गर्नुपर्दछ ।

३५ **शिक्षक दरवन्दी र पदपूर्ति** - शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाले २०७९।८०मा स्थिति प्रतिवेदन तयार गरी दरबन्दी मिलान तथा पदपूर्तिको लागि केन्द्रमा पेश गरेको जनाएको छ ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको तह | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| 1. | १ देखि ५ कक्षा | १७ | ४२ | २५ | २३७४ | १:५७ |
| 2. | ६ देखि ८ कक्षा | ३ | ९ | ६ | ७२९ | १:८१ |
| 3. | ९ देखि १० कक्षा | ५ | ५ | ० | ३९४ | १:७९ |
| 4. | ११ देखि १२ कक्षा | ० | ४ | ० | १४२ | १:३६ |

३६ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता — अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ४६ जना स्वयंसेवक शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ७९८०००००।० तलब भुक्तानी गरेको पाईयो ।अतः दरबन्दी स्वीकृत वेगर शिक्षक भर्ना गरी तलब भुक्तानी गर्ने कार्य नियम विपरित भएकोले दरबन्दी मिलान गरी स्वीकृत दरबन्दी अनुसार तलब खर्च लेख्नुपर्दछ ।

३७ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथि कक्षा १२ सम्मका छात्रा विद्यार्थीहरु ५१४जना रहेका छन। पालिकाले मारुती सर्जिकल एण्ड सप्लायर्सबाट मिति २०८०।२।१९मा ११२३२ पाकेट स्यानिटरी प्याड रु.६९९९९५।४५ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि एकैपटक सबै विद्यालयलाई भर्पाई गराई बुझाएको देखिन्छ। खरिद गरी विद्यालयलाई बुझाएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

३८ **ब्रोड व्याण्ड इन्टरनेट सेवा-** ब्रोड व्याण्ड इन्टरनेट सेवाः नेपाल दुरसंचार प्राधिकरण काठमाण्डौबाट मिति २०७९।२।१७मा भुकम्पबाट अति प्रभावित ८ जिल्ला र काठमाण्डौ उपत्यका बाहिरका ६६ जिल्लाहरुका आधारभूत विद्यालयहरुमा ब्रोड व्याण्ड इन्टरनेट सेवा जडान तथा सन्चालन गर्ने सम्बन्धमा स्थानीय तहसँग समझदारी पत्रमा हस्ताक्षर गर्ने सम्बन्धि सूचना प्रकाशन गरेको रहेछ । ग्रमिण दुर संचार कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोड व्याण्ड इन्टरनेटको पहुँच पुर्याउन नेपाल दूर संचार प्राधिकरण काठमाण्डौ र सूर्मा गाउँपालिका बिच भएको सम्झौता मा प्राधिकरणले तय गरेको औषत दरभन्दा बढी नहुने गरी मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले नेपाल दूर संचार प्राधिकरणबाट इमेल तथा इन्टरनेट सेवाको अनुमति पत्र प्राप्त सेवा प्रदायक मध्येबाट एक सेवा प्रदायक छनौट

कार्य सम्पन्न गर्ने शर्तमा रु ११८२४००।०० नेपाल दूर संचार प्राधिकरणबाट प्रप्त भएकोमा कार्यालयले प्रति विद्यालय रु ७३९००।०० का दरले १६ विद्यलयमा निकासा दिएको छ । उक्त सम्झौता अनुसार प्रतिस्पर्धाको आधारमा कार्य सम्न्न नगरी सबै विद्यालयको खातामा रकम निकासा दिएको छ । सांग्रिला इन्फरमेटिभ प्रा लि बानेश्वर पान नं ३०१५४४७७३ को कर विजक पालिकाको भौचरसाथ संलग्न रहेकोमा प्रतिस्पर्धा गराएको छैन भने कर विजकको भुक्तानीमा अग्रिम कर तथा मू अ कर नियमावली २०५३ अनुसार ३० प्रतिशत मू अ कर समेत कट्टा नगरी भुक्तानी गरेकोले प्रतिस्पर्धा वेगर खरिद गर्नुको पुष्ट्याइ पेश गरी अग्रीम कर कट्टा नगरेको रकम रु १५६९६।०० असूल गरी कर दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,६९६ |

३९ **खेलकूद सचिवको तलब-** खेलकूद सचिवको तलब —ःस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले खेलकूद विकास कार्यक्रमबाट बजेट खर्च लेखी खेलकूद विकास समितिका सचिव दिलबहादुर बोहरालाई मासिक रु.१८०००।०० का दरले १२ महिनाको तलब भुक्तानी गरेको असूल हुनुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१६,००० |

४० **पुस्तकमा मू अ कर -** पुस्तकमा मू अ कर : मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा पुस्तकमा मूल्य अभिबृद्धि कर नलाग्ने उल्लेख छ । कामाख्या प्रतिष्ठान नेपाल (पान नं ६०६७८५०७७)को विल नं०४३।०७९।९।२३ बाट हाम्रा जनप्रतिनिधि पुस्तक १ थान र हाम्रो स्थानीय तह पुस्तक ६ थान को मूल्य रु ५५०००।०मा रु ७१५०।०० मू अ कर थप गरी रु ६२१५०।०० भौचर नं २२६।०८०।१।३१ बाट भुक्तानी गरेको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ बमोजिम प्रक्रिया अबलम्बन गरी असूल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,१५० |

४१ **इन्धन खर्च -** इन्धन खर्च :आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याई गर्ने विल भर्पाई र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले इन्धनका विल संलग्न गरी भुक्तानी गरेकोमा इन्धन खपतको पुष्टी हुने सावरी साधनको लगबूक ,योजनामा खर्च भएको डोजरको लगशिटको आधारमा खर्च लेख्नुपर्दछ ।डोजर प्रयोगको लगशिट राखे तापनि प्राविधिक मूल्यांकन समेत संलग्न गरी इन्धन खर्च भएको योजनाको नाम ठेगाना खुल्ने विवरण सहित खर्च पुष्टी हुने प्रमाण कागजात सहितको अभिलेख अद्यावधिक हुनु पर्दछ । ईन्धन खरिदका विवरण निम्न छन्:

| भौ नं मिति | विक्रेताको नाम ठेगाना | रकम |
|---|---|---|
| ३८।०७९।७।१६ | सन्देश जनरल अर्डर सप्लायर्स डिजेल ४३१० लि | ७८८९८८ |
| १८६।०७९१२।२७ | डि के ट्रेडर्स एण्ड आयल सप्लायर्स डिजेल ११४३ लि | २००००० |
| ६६।०७९।८।२० | पाठक फिलिंग सेन्टर डिजेल डिजेल ६६० लि | ११७४७८ |

| | | |
|---|---|---|
| ६६।०७९।८।२० | क्रिस सप्लायर्स डिजेल १९९ लि | ३९७०० |
| १४४।०७९।११।१९ | जालपादेवी सप्लायर्स डिजेल१०३२ लि | १९००८४ |
| | | १३३६२५० |

४२ **सामाजिक सुरक्षा कर** - सामाजिक सुरक्षा कर : आयकर ऐन २०५८ को दफा ८७ ,८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा थर्नुपर्ने व्यवस्थाछ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरी ८८ जनालाई रु ४८१५०६५।० ज्याला भुक्तानी गरेकोमा नियमानुसार १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा नगरेकोले कर असूल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,१५१ |

४३ **डिपिआर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्स सेवा खरिद गर्दा लागत अनुमान बनाउनुपर्ने र लागत अनुमान टिओआर का आधारमा बनाउनुपर्ने तथा नियम ७२ मा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी मौजुदा सूचीमा सुचिकृत परामर्सदाताबाट २० लाख सम्मको परामर्स सेवा खरिद गर्नपाउने व्यवस्था छ । गाउँपालिकाले पाँच सैयाको अस्पतालको डिपिआरको टिओआर र लागत अनुमान तयार नगरी परामर्सदाता संग प्रस्ताव माग गरी इन्जिनियरिङ्ग प्रोफेशनल प्राक्टिस कन्सल्टेन्सी प्रा लि ले पेश गरेको प्रस्तावकै मुल्य रु १९९८०००।०० मा डिपिआर सोझै खरिद गरेको पाइयो ।उक्त डिपिआर रिपोर्ट लेखापरीक्षणमा पेश भएन। डिपिआर रिपोर्ट पेश हुनुपर्दछ । टिओआर र लागत अनुमान तयार नगरी प्रस्तावकको प्रस्तावित मुल्यमा खरिद गरिएको अनियमित खरिद रु

| | |
|---|---|
| अनियमित भएको | १९,९८,००० |

४४ **दोस्रो घटी कबोल गर्ने संग समझौता** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ मा न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही स्वीकृत बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको कार्यको गम्भिर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचिमा राख्न सक्ने व्यवस्था छ । त्यसैगरी नियमावली २०६४ को नियम १४१ को उपनियम १ मा सार्वजनिक निकायले ऐनको दफा ६३ बमोजिम कुनै बोलपत्रदातालाई कालो सूचिमा राख्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायको ठेक्काको विद्युतीय बोलपत्र आव्हान गरेकोमा पेश भएका बोलपत्र मध्ये देहायका घटी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र जमानत जफत नगरी तथा कालो सूचिमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी नपठाई दोस्रो घटि कबोल गर्नेसंग सम्झौता गरेकोले कार्यालयलाई रु ९४३८८० बढी व्ययभार परेको पाइयो । खरिद कानून बमोजिम नभएको अनियमित खरिद रु.

| निर्माण कार्य | घटी कबोल गर्ने | घटि कबोल रकम | बोलपत्र जमानत रकम | दोस्रो घटी कबोल गर्ने | दोस्रो घटी कबोल रकम | फरक |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सैनागाउँ जलजला सडक निर्माण | युनिक निर्माण सेवा | १९८४४६० | ९०००० | डाडाबाघ निर्माण सेवा | २४९३२९० | ५०८८३० |
| पाराचौडिक खानेपानी निर्माण | खसड निर्माण सेवा | १०८९१५० | ३५००० | युनिक निर्माण सेवा | १५२४२०० | ४३५०५० |
| **जम्मा** | | ३०७३६१० | १२५००० | | ४०१७४९० | ९४३८८० |

| | |
|---|---|
| अनियमित भएको | ९,४३,८८० |

४५ **एम्बुलेन्स खरिद-** आर्थिक कार्यविधित तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले एम्बुलेन्स खरिदको लागि अग्नी इन्कर्पेटिटेड प्रालि लाई रु २०१००५० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म एम्बुलेन्स पालिकामा प्राप्त भएको पाइयन । खरिद भएको एम्बुलेन्स प्राप्त गरी जिन्सी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,१०,०५० |

४६ **सामग्रीको उपयोग-** आर्थिक कार्यविधित तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले देहायबमोजिमको कामको लागि देहायअनुसार रु २८२६५७९ भुक्तानी दिएको श्रेष्तासाथ खरिद भएको सामग्री उपयोग भएको प्राविधिक कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको पाईएन । खरिद भएका सामग्रीको उपयोग खुल्ने कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेद पेश हुनुपर्ने रु.

| गो भौ र मिति | कामको विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १८१।०८०।३।२१ | ३३०० मिटर एचडिपिई पाइप खरिद | कृभ ट्रेड एण्ड सप्लायर्स | २००००० |
| १०१।०८०।३।२४ | कन्सन्ट्रिक केवल लगायत लघुजलविद्युतका ४ प्रकारका सामग्री खरिद | जेउलेगाड लघु जलविद्युत आयोजना | ३८४००० |
| २०५।०८०।३।२४ | ग्याविन जाली खरिद | प्रिज्मा सप्लायर्स | ५५६३२५ |
| ४।०७९।१०।१२ | कन्डकटर तार ९ कि.मि. | झौरी ट्रेडर्स | ४९७००० |
| ९४।०७९।९।२० | ग्याविन जाली खरिद | खसड मेटल इन्डस्ट्रिज | ९४१४०३ |
| ६५।०७९।१०।२२ | ग्याविन जाली ७५ थान | खसड मेडल इन्डस्ट्रिज प्रालि | २४७८५१ |

| जम्मा | | | २८२६५७९ |
|---|---|---|---|

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,२६,५७९ |

४७ **हेभी इक्विपमेण्टको प्रयोग-** हेभी इक्विपमेण्टको प्रयोग ' सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन।

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ११२।०७९।१२।२९ | विछाडा दय सडक निर्माण | सडक कट्टिङ्ग | १०५६००० | स्काभेटर | ८७८१०१ |
| १४३।०८०।२।२ | सैनगाउँ सडक निर्माण | सडक कट्टिङ्ग | ७७५९०७ | स्काभेटर | ३४५७८० |
| | जम्मा | | १८३१९०७ | | १२२३८८१ |

४८ **बढी दर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० क मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा मन्त्रीपरिषदबाट स्वीकृत भएको नर्म्स र जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटका आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । साथै जिल्ला दररेट निर्धारण समितिले दररेट निर्धारण नगरेको सामग्रीको नजिकको जिल्लाको दररेट अनुसारको दर का आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले वडा नं ४ को विद्युत विस्तार कार्यको दर विश्लेषण तथा लागत अनुमानमा ८ मिटरको फलामे विद्युत पोलको धनगढी जिल्लाको दररेटमा पालिकासम्मको भाडा समावेश गरी लागत अनुमान तयार गर्दा धनगढीको दर ११८९१ को भ्याट समेतको दर १३४३७ समावेश गर्नुपर्नेमा १८८०० समावेश गरी दर विश्लेषण र लागत अनुमान तयार गरेकोले प्रति पोल ५३६३ बढी लागत तयार भई २० पोलको रु १०७२६०।०० बढी लागत तयार भई सोही बराबरी वडा नं ४ को विद्युत विस्तार उपभोक्ता समितिलाई बढी भुक्तानी भएको पाइयो । बढी भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०७,२६० |

४९ **जटिलसंरचना निर्माण** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १२१।०८०।१।१० | वडा नं ५ भवन निर्माण उस | आरसिसि भवन निर्माण | २२९१८८८ |
| १३०।०८०।१।१३ | वडा नं ४ भवन निर्माण उस | आरसिसि भवन निर्माण | ७८३७९५ |
| | **जम्मा** | | ३०७५६८३ |

५० **बढी भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० क मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा मन्त्रीपरिषदबाट स्वीकृत भएको नर्म्स र जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटका आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकले सेलाखेत देखी डोगडी सम्म क्षतिग्रस्त सडक मर्मत कार्यको तयार गरेको दर विष्लेषणमा पहिरो सफा गर्ने कामको दर ७२।८७ रहेकोमा लागत अनुमानमा ८७।४५ समावेश गरी लागत अनुमान तयार गरेको र सोही अनुसार 1855 घनमिटर पहिरो सफा गर्ने कार्यको १४.५८ बढी दरमा भुक्तानी भएकोले रु २७०४६ उपभोक्ता समितिलाई बढी भुक्तानी भएको पाइयो । बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,०४६ |

५१ **अमानतबाट कार्य** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा सार्वजनिक निकायले एक लाख सम्मको काम एक तह माथिको स्वीकृति लिई अमानतबाट गराउन पाउने व्यवस्था छ । गाउँपालिकाले वडा नं २ को वडा कार्यालय मर्मतको काम रु ६४३८७२ मा वडा सचिव छत्र प्रसाद कोइरालाबाट अमानतमा गराएको पाइयो । एक तह माथिको स्वीकृति समेत नलिई तोकीए भन्दा बढीको कार्य अमानत बाट गराएको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६,४३,८७२ |

५२ **नगदी रसिद पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा पुष्ट्याई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले रसिद नम्वर ४५१ देखि ५०० सम्मको नगदी रसिद पेश हुन नआएकोले कति आम्दानी भएको हो यकिन गर्न सकिएन पालिकावाट नै यकिन गरी दाखिला गराउन लगाउनु पर्दछ।

५३ **नगदी रसिद व्यवस्थापन** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ९५ (१)अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनैप्रकारले हस्तान्तरण भइ वा वस्तुगत सहायता वा कुनै प्रकार वाट प्राप्तहुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाइ सम्पत्ति तथा जिन्सी कितावमा सात दिन भित्र आम्दानी वांधी लगत अध्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ। पालिका वाट प्रयोग गरिएका नगदी रसिदहरु जिन्सी कितावमा आम्दानी वांधी राख्ने नगरेको हुनाले आम्दानी खर्च र वांकीको अवस्था यकिन गर्न सकिएन। जिन्सी खाता व्यवस्थित तरीकाले राखिनु पर्दछ।

---

५४ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १५००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ९७१३४५ अर्थात अनुमान भन्दा ३५।२४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

---

५५ **दहत्तर बहत्तर विक्री** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क(१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको विक्रि गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन । पालिका लगायत अन्य सार्वजिनिक निकाय तथा व्यक्तिगत तवरबाट निर्माण कार्य भईरहेको अवस्थामा निर्माण सामग्री प्रयोग भईरहेको सहजै आकलन गर्न सकिन्छ । पालिकाले यस वर्ष स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको विक्रि गरेको प्रमाण लेखापरीक्षणमा पेश गरेको छैन । पालिकाले आफ्नो क्षेत्रबाट दहत्तर बहत्तर विक्रि नगरेको भए नगर्नुको कारण र गरेको भए सो बापतको राजस्व सम्बन्धमा एकिन हुनुपर्ने देखिन्छ ।

---

५६ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २६००१९९०९ | ९७१३४५ | ०.३७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

५७ **औद्योगिक ग्राम निर्माण-** औद्योगिक ग्राम निर्माण :औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धी कार्यविधि २०७५को दफा १२क(२) मा औद्योगिक ग्रामको कूल लागतको चालिस प्रतिशत वा तीन करोड मध्ये जुन कम हुन्छ सो रकम

उद्योग बाणिज्य ताथ आपूर्ति मन्त्रालयले औद्योगिक ग्राम घोषणा भएका स्थानीय तहलाई उपलब्ध गराउने तथा दफा १२क(५) मा मन्त्रालयले उपबव्ध गराउने बाहेक औद्योगिक ग्राम स्थापना, विकास र निर्माण गर्ने क्रममा अपुग हुने अन्य रकमको व्यवस्थापन सम्बन्धित स्थानीय तह आफैले गर्नुपर्ने उल्लेखछ ।सन २०२२ मार्च महिनामा औद्योगिक ग्रामको डि पि आर तयार भएको देखिन्छ । सो डि पि आरमा कूल औद्योगिक ग्राम निर्माणको लागि कूल रु ३२९६००९०७।०७ लागत लाग्ने उल्लेख भएकोमा मन्त्रालयबाट प्राप्त भएको रु ९००००००।० खर्च भएको छ ।सो मध्ये ६९०००००।०० गत वर्ष र रु २१०००००।० यस वर्ष खर्च भएकोमा पालिकाले बजेट व्यवस्था नगरी मन्त्रालयको रकम मात्र खर्च गरेबाट औद्योगिक ग्राम सम्न्न हुनेमा आश्वस्त हुन सकिने अवस्था रहेन ।कार्यविधि अनुसार मन्त्रालयबाट रु ९००००००।० प्राप्त हुँदा पालिकाबाट रु ९०००००००।० खर्च हुनुपर्नेमा बजेट विनियोजन नै नगरेको कारण योजना अलपत्र पर्ने अवस्था देखिएकोले यस सम्बन्धमा पालिकाले बजेट व्यवस्था गरी कार्यसम्पन्न गर्ने तर्फ ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

---

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाको १ देखि ५ वडामा १५ योजना सञ्चालन गरी यस वर्ष ८८ जनालाई औसत ९६ दिनले रोजगारी उपलव्ध गराई रु.४८१५०६५।० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

---

५९ **कार्यालय प्रमुखको पेश्की** - कार्यालय प्रमुखको पेश्की : आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ अनुसार कार्यालय प्रमुख तथा लेखाप्रमुखले पेश्की लिइ मालसामान खरिद गर्न नहुने उल्लेख छ ।प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीराज जोशीले रु ५०००००।०० पेश्की लिइ भौचर नं २३१।०८०।२।२ बाट फर्छ्यौट गरेकोमा रु २०००००।० को इन्धनको विल रु २०००००।० को कार्यालय सामान खरिदको कर बिजम र रु १०००००।० को कार्यालय सामान खरिद पान विल संलग्न गरेको पाइयो । नियम विपरित पेश्की लिइ सामान खरिदका विल तथा प्रयोजन विहिन इन्धनका विल संलग्न भएको आधारमा पेश्की फछ्यौंट गर्न मिल्ने नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

---

६० **भू उपयोग वर्गिकरण-** भू उपयोग वर्गिकरणः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० अनुसार भू उपयोग वर्गिकरणको लागि परामर्शदाता सँग प्रस्ताव माग गरी पर्न आएका ५ वटा प्रस्ताव मध्ये कम कबोल गर्ने प्रारुप ईन्जिनियरिंग सर्भिस ललितपुरसँग सम्झौता गरी कार्य गराएकोमा भू उपयोग वर्गिकरणको प्रतिवेदन पेश भएको छ ।भौचर नं ३५८।०८०।३।२४बाट मू अ कर सहित रु ७९३८२५।० भुक्तानी भएकोछ । सार्वजनिक खरिद

नियमावली २०६४ को नियम ११७ बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गरेको छैन ।जमिनको वर्गिकरण भए पश्चात कार्यान्वयनमा ल्याउनको लागि सम्बन्धित मालपोत र नापी कार्लयलयसँग समन्वय गरी पहिले मालपोत र नापी कार्यालयसँग भएको जग्गाको विवरणलाई नयाँ वर्गिकरण भएको जग्गासँग मिलान गर्ने कार्य भए गरेको देखिएन ।मालपोत र नापी कार्यालयहरुमा रहेको अभलिलेखसँग अद्यावधिक अभिलेख एकिकृत हुनुपर्दछ ।

६१ **मूल्य अभिकबृद्धिकरमा दर्ता भएको सँग खरिद नगरेको -** मूल्य अभिकबृद्धिकरमा दर्ता भएको सँग खरिद नगरेको : सार्वजनिक खरिद नियमावली २०६४ को नियम१९ ९१) मा सार्वजनिक निकायले बीस हजार रुपैयाँभन्दा बढीको खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्यअभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ती ,फर्म , संस्था वा कंपनीबाट मात्र खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले विल टुक्रापारी निम्नानुसार बीस हजार रुपैयाँभन्दा बढी रकमको खरिद मू अ कर दर्ता नभएको सँग गरेको नियम सम्मत नदेखिएको रु.

| भौ नं मिति | विक्रेता | खरिदको विवरण | रकम रु |
|---|---|---|---|
| ३२६।०८०।३।२१ | व्यास व्रदर्श | कार्यालय सामान | १२५४३५ |
| ३२६।०८०।३।२१ | ज्योती फेन्सी स्टोर | कार्यालय सामान | ८८६५० |
| ३२६।०८०।३।२१ | महिमान व्यासी नौलो पसल | कार्यालय सामान | ९०४७५ |
| २३१।०८०।३।२१ | महिमान व्यासी नौलो पसल | कार्यालय सामान | ३६७०० |
| २३१।०८०।३।२१ | व्यास व्रदर्श | कार्यालय सामान | ७३३५० |
| ३२७।०८०।३।२१ | प्रतिभा डिजिटल फोटो स्टुडियो | मसलन्दा | १६६००० |
| | | | ५८०६१० |

| | |
|---|---|
| अनियमित भएको | ५,८०,६१० |

६२ **घरभाडा** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१० )अनुसार कुनै रकमको रकमकमकोरकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ।कार्यालयका कर्मचारीले आवास सुविधा पाउने व्यवस्था नभएकोमा कार्यपालिकाले कर्मचारी आवासका लागी निम्नानुसारको घरभाडा वापत रु २१०००० खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| घर धनीको नाम | घर भाडा रकम |
|---|---|
| रमेश वोहरा | २१०००० |

| | |
|---|---|
| अनियमित भएको | २,१०,००० |

६३ **गतवर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी देहायअनुसार रु. ५०३८०० भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| भौन।मिती | पार्टिको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ११।२०७९।६।११ | व्यासी नौलो पसल | इन्धन भुक्तानी | ३५०००० |
| २५।२०७९।६।१४ | विभिन्न पाटिहरु | गाडी भाडा | १५३८०० |
| जम्मा | | | ५०३८०० |

| | |
|---|---|
| अनियमित भएको | ५,०३,८०० |

६४ **खर्चको पुष्टयाइ वेगर खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ । पालिकाले वडा नम्वर ५ खानेपानी मर्मतका लागी विभिन्न साइजका पाइपहरु जाल्पादेवी हार्डवेयर वाट खरिद गरी रु १९७८७८ खर्च लेखेको छ । उक्त खरिद भएका पाइप कुन ठाउँमा प्रयोगमा आएको हो सोको प्रयोजन नखुलाइ एवं कार्यसम्पन्न प्रतिवेदन समेत नरहेकोले खर्चको पुष्टयाई हुने कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९७,८७८ |

६५ **अन्य निकायको खर्च** - एक वजेटरी निकायले अर्को सरकारी निकायलाइ कानुन वमोजिम सशर्त वा निशर्त अनुदान र निकाशा दिन सक्ने व्यवस्थाभएपनि एउटा कार्यालयमा भएको संचालन खर्च अर्को कार्यालयले भुक्तानी दिन मिल्ने आधार देखिदैन । पालिकाले पालिका भित्र रहेका प्रहरी चौकी लाई विविध तथा व्यवस्थापन खर्च वापत देहायअनुसार रू ६९०५८ भुक्तानी गरेको छ । आफ्नो आर्थिक दायित्व भित्र समेत नपर्ने प्रहरी चौकीलाई फजुल खर्च वापत दिएको रकमले पालिकालाई थप आर्थिक भार पारेको रु.

| भौन।मिती | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २५।२०७९।६।१४ | विविध खर्च लगायत विभिन्न | २७६५८ |
| | कार्यालय सन्चालन समेत | ४१४०० |
| | जम्मा | ६९०५८ |

| | | |
|---|---|---|
| | अनियमित भएको | ६९,०५८ |

६६ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ९१५४५०४३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

६७ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । गाउँपालिकाले भौचर नं १४८।०८०।२।३ मा ५० प्रतिशत लागत सहभागितामा २० थान मिनिटिलर सहज कृषि प्रालिबाट सोझै खरिद गरी पालिकाबाट रु ८००००० र लाभग्राही किसानबाट ८००००० भुक्तानी भएको देखियो । उक्त मिनिटिलर पाउने किसानको छनौटको आधार स्पस्ट समेत रहेको पाइएन । नियमावली बमोजिम उक्त सामग्री सिलबन्दि दरभाउपत्रबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको अनियमित खरिद रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ८,००,००० |

अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९।८०

कार्यालय र स्थान: सूर्मा गाउँपालिका, बझाङ ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चक्र प्रसाद जोशी | २०७८-१-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण प्रसाद पाध्या | २०७९-१-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०८४,२४९ | १४,७०७,००८ | ११,१८४,१९७ | ० | ० | ६३३,६०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २७,६०९,०५४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २७,६०९,०५४ |

स्थानीय तह : सूर्मा गाउँपालिका, बझाङ ।

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २१९७३२५९.३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १९६२६४५०० | **चालु खर्च** | १६९०८१७११.३ |
| **प्रदेश सरकारबाट अनुदान** | १२९७६००० | **पूँजीगत खर्च** | ९१५४५०४३ |
| **राजश्व बाँडफाँट** | ६१९८१५४८.१९ | **वित्तीय/अन्य व्यवस्था** | ५२२४०७६५.४९ |
| **आन्तरिक आय** | ९७१३४४.८१ | | |
| **अन्य आय** | ३८००४८३८.५ | | |
| **कुल आय** | ३१०१९८२३१.५ | **कुल खर्च** | ३१२८६७५१९.७९ |
| **बाँकी मौज्दात** | | १९३०३९७१.०१ | |